# नेपाल गुणस्तर (प्रमाण-चिन्ह) ऐन, २०७७ को

# मस्यौदा

**प्रस्तावना:** सर्वसाधारण जनताको हितको लागि कुनै बस्तु, सेवा, प्रकृया वा प्रणालीको नेपाल गुणस्तर निर्धारण गर्न र सो सम्बन्धमा गुणस्तर प्रमाणचिन्हको प्रयोग तथा गुणस्तर प्रमाणपत्रको व्यवस्था गर्न नेपाल गुणस्तर सम्बन्धी प्रचलित कानूनलाई एकीकरण तथा संशोधन गरी समयानुकूल बनाउन वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २९६ को उपधारा (१) बमोजिम संघीय संसदले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस ऐनको नाम "नेपाल गुणस्तर (प्रमाणचिन्ह) ऐन, २०७७" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "गुणस्तर" भन्नाले कुनै वस्तु, सेवा, प्रक्रिया वा प्रणालीको आफ्नो उदेश्य पूर्ति भएको सुनिश्चित गर्नका लागि सहमतिमा तयार गरिएको तथा निरन्तर प्रयोग गरिने नियम, निर्देशिका वा चारित्रिक गुणको परिभाषाको रुपमा रहेको प्राविधिक विशिष्ट विवरण वा अन्य निश्चित मानांक सम्मिलीत लिखित दस्तावेजलाई जनाउँछ ।

(ख) "नेपाल गुणस्तर" भन्नाले दफा ४ को उपदफा (१) को खण्ड (क) बमोजिम निर्धारण गरिएको गुणस्तरलाई सम्झनु पर्छ ।

(ग) "मापदण्ड" भन्नाले दफा १२ र दफा १३ बमोजिम नेपाल राजपत्रमा प्रकाशित नेपाल गुणस्तरलाई सम्झनु पर्छ ।

(घ) "निरीक्षक" भन्नाले दफा ६ को उपदफा (२) को (घ) बमोजिम नियुक्त भएको वा तोकिएको निरीक्षक सम्झनु पर्छ ।

(ङ) "इजाजतपत्र" भन्नाले दफा ७ को उपदफा (३) बमोजिम प्रमाण–चिन्ह प्रयोग गर्न दिइने इजाजतपत्र लाई सम्झनु पर्छ ।

(च) “उपभोक्ता” भन्नाले कुनै उपभोग्य वस्तु, सेवा, प्रक्रिया वा प्रणाली उपभोग वा प्रयोग गर्ने व्यक्ति वा संस्था सम्झनु पर्छ ।

(छ) “परीक्षक” भन्नाले दफा ६ को उपदफा (२) को (घ) बमोजिम नियुक्त भएको वा तोकिएको परीक्षक सम्झनु पर्छ र सो शब्दले मुख्य परीक्षक समेतलाई जनाउँछ ।

(ज) “समरुपता मूल्यांकन” भन्नाले प्रवाहित वस्तु, सेवा, प्रकृया वा प्रणालीमा उल्लेख भएको वा दावी गरिएको आश्यकताहरु पुरा भएको सुनिश्चितता गर्ने कार्यलाई सम्झनु पर्छ ।

(झ) “प्रमाणीकरण” भन्नाले कुनै वस्तु, सेवा, प्रकृया, प्रणाली वा व्यक्तिले परिषदबाट निर्धारण गरिएको नेपाल गुणस्तरको आवश्यकता परिपालना भएको प्रमाणपत्र प्रदान गर्ने वा प्रमाण-चिन्ह प्रयोग गर्न इजाजत प्रदान गर्ने प्रकृयालाई सम्झनु पर्छ ।

(ञ) “प्रमाणीकरण योजना” भन्नाले प्रमाणीकरण गर्ने उदेश्यले तयार गरिएको नियम, विधि तथा व्यवस्थापनको समूहलाई जनाउंछ।

(ट) “संस्था” भन्नाले कुनै उद्योग, व्यापार, व्यवसाय वा सेवा प्रदान गर्नको लागि प्रचलित कानून बमोजिम स्थापना भएको सङ्गठित संस्था सम्झनु पर्छ ।

(ठ) “प्रणाली” भन्नाले व्यवस्थापन प्रणालीलाई सम्झनु पर्छ ।

(ड) “परिषद्” भन्नाले दफा ३ बमोजिम गठित नेपाल गुणस्तर परिषद् सम्झनु पर्छ ।

(ढ) “प्रक्रिया” भन्नाले कुनै वस्तु वा सेवाको उत्पादन वा निर्माणदेखि खपतसम्मको कुनै पनि प्रक्रियालाई सम्झनु पर्छ ।

(ण) “प्रमाण–चिन्ह” भन्नाले दफा ७ को उपदफा (३) बमोजिमको गुणस्तर प्रमाण–चिन्ह सम्झनु पर्छ।

(त) “प्रमाणपत्र” भन्नाले दफा ७ को उपदफा (३) बमोजिमको प्रमाणपत्र सम्झनु पर्छ ।

(थ) “वस्तु” भन्नाले प्राकृतिक, अर्धप्राकृतिक, कृत्रिम, निर्मित, अर्धप्रशोधित वा प्रशोधित पदार्थ सम्झनु पर्छ र सो शब्दले त्यस्तो पदार्थमा मिश्रित रंग, सुगन्ध र रसायन समेतलाई जनाउँछ ।

(द) "मन्त्रालय" भन्नाले उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयलाई सम्झनु पर्छ ।

(ध) “विभाग” भन्नाले नेपाल गुणस्तर तथा नापतौल विभागलाई सम्झनु पर्छ ।

(न) “व्यवस्थापन प्रणाली” भन्नाले राष्ट्रिय वा अन्तर्राष्ट्रिय गुणस्तरमा आधारित व्यवस्थापन प्रणाली सम्झनु पर्छ ।

(प) “सदस्य” भन्नाले परिषद्को सदस्य सम्झनु पर्छ र सो शब्दले परिषद्को अध्यक्ष र सदस्य–सचिव समेतलाइ जनाउँछ ।

(फ) “सेवा” भन्नाले कुनै किसिमको शुल्क वा प्रतिफल लिई वा नलिई प्रदान गरिएको श्रम, सुविधा वा परामर्शलाई सम्झनु पर्छ ।

(ब) “प्रयोगशाला” भन्नाले कुनै वस्तुको नमूना परीक्षण गर्ने वा क्यालिब्रेसन गर्ने संस्था सम्झनु पर्दछ ।

(भ) “तोकिएको” वा “तोकिए बमोजिम” भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

३. **नेपाल गुणस्तर परिषद्को गठनः** (१) कुनै बस्तु, सेवा, प्रकृया वा प्रणालीको सम्बन्धमा नेपाल गुणस्तर निर्धारण गर्न र त्यस्तो बस्तुमा प्रमाण-चिन्हको प्रयोगको व्यवस्था गर्न नेपाल राजपत्रमा सूचना प्रकाशित गरी नेपाल गुणस्तर परिषद् गठन गर्न सक्नेछ । यस परिषद्को अंग्रेजीमा पूरा नाम नेपाल काउन्सिल फर स्टाण्डर्डस र संक्षिप्तमा एन.सी.एस.रहनेछ।

(२) उपदफा (१) बमोजिम गठित परिषद्को नेपाल राजपत्रमा सूचना प्रकाशित गरी समयानुकूल पुनर्गठन गर्न सकिनेछ ।

(३) परिषद्को बैठक सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ।

(४) परिषद्ले विज्ञलाई बैठकमा आमन्त्रित सदस्यको रुपमा सहभागी गराउन सक्नेछ।

(५) परिषद्को सदस्यले पाउने सुविधा नेपाल सरकारले तोकिदिए बमोजिम हुनेछ।

४. <u>**परिषद्को काम, कर्तव्य र अधिकारः**</u> (१) यस ऐनमा अन्यत्र लेखिएदेखि बाहेक परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) नेपाल गुणस्तर निर्धारणको लागि विधि तथा प्रकृया तोक्ने,

(ख) कुनै वस्तु, सेवा, प्रक्रिया वा प्रणालीको सम्बन्धमा नेपाल गुणस्तर निर्धारण गर्ने, निर्धारित गुणस्तरलाई संशोधन गर्ने वा रद्ध गर्ने,

(ग) कुनै स्वदेशी वा विदेशी संस्थाद्वारा निर्धारित गुणस्तरलाई आंशिक वा पुर्ण रुपमा अंगिकार गर्ने,

(घ) गुणस्तरको निर्धारण वा परीक्षणको लागि सरकारी वा गैर सरकारी प्रयोगशालालाई मान्यता प्रदान गर्ने वा दिएको मान्यतालाई निलम्बन वा रद्द गर्ने,

(ङ) गुणस्तरको प्रमाणपत्रको ढाँचा र गुणस्तर प्रमाण-चिन्हको आकार, प्रकार र ढाँचा तोक्ने,

(च) नेपाल गुणस्तरको विक्री मुल्य, प्रयोगशाला सेवाको दस्तुर, खेप प्रमाणित सेवाको दस्तुर, गुणस्तर प्रमाणपत्र सेवाको दस्तुर, गुणस्तर प्रमाण-चिन्ह सेवाको दस्तुर र स्थलगत निरीक्षण तथा परिक्षण दस्तुर तोक्ने वा हेरफेर गर्ने,

(छ) नेपाल गुणस्तरको प्रतिलिपि अधिकार,

(झ) तोकिए बमोजिमका अन्य काम, कर्तव्य र अधिकार ।

५. **<u>परिषद्ले आफ्नो अधिकार सुम्पन सक्ने:</u>** परिषद्ले आफ्नो काम, र्कतव्य र अधिकारमध्ये सवै वा केही अधिकार परिषद्को कुनै सदस्य वा परिषद्ले गठन गरेको समिती वा उपसमिति वा विभाग वा विभागको कुनै अधिकृतलाई सुम्पन सक्नेछ ।

६ **<u>विभागको काम कर्तव्य र अधिकार</u>** (१) यस ऐनको उदेश्य कार्यन्वयन नेपाल गुणस्तर तथा नापतौल बिभागले गर्नेछ ।यस विभागको अंग्रेजीमा पूरा नाम Nepal Bureau of Standards and Metrology र संक्षिप्तमा NBSM रहनेछ ।

(२) यस ऐनमा अन्यत्र लेखिएदेखि बाहेक विभागको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) परीषद्को सचिवालयको काम गर्ने,

(ख) परिषद् बाट नेपाल गुणस्तर निर्धारण भएपछि प्रमाण-चिन्ह प्रयोग गर्न इजाजतपत्र वा गुणस्तरको प्रमाणपत्र दिने

(ग) कुनै वस्तु, सेवा, प्रक्रिया वा प्रणालीको प्रमाणिकरण गर्ने सम्वन्धमा निरिक्षण वा परिक्षण गर्ने गराउने र आवश्यक प्रविधिक सल्लाह तथा निर्देशन दिने,

(घ) निरीक्षक वा परीक्षक नियुक्ति गर्ने वा तोक्ने,

(ङ) इजाजतपत्र नवीकरण गर्ने, इजाजतपत्र तथा प्रमाणपत्र स्थगित गर्ने वा रद्द गर्ने,

(च) इजाजतपत्र वा प्रमाणपत्र प्रदान गर्दा आवश्यक शर्त तोकी कवूलियत वा मन्जुरनामा गराउने,

(छ) नेपाल सरकारको स्वीकृती लिई कुनै वस्तु, सेवा, प्रक्रिया वा प्रणालीको सम्वन्धमा कुनै संस्थावाट जारी भएको प्रमाण-चिन्ह वा प्रमाणपत्रलाई आपसी समझदारीको आधारमा पहिचान वा पारस्परीक मान्यता प्रदान गर्ने,

(ज) अन्य मुलुकका गुणस्तरहरुलाई आपसी समझदारीको आधारमा पहिचान वा पारस्परीक मान्यता प्रदान गर्ने,

(झ) गुणस्तर सम्बन्धी क्षेत्रिय वा अन्तराष्ट्रियस्तरका कुनै संस्थाको सदस्यता प्राप्त गर्ने र त्यस्ता संस्थाको गुणस्तर निर्धारण प्रकृयामा भाग लिने वा लिन लगाउने,

(ञ) नेपाल गुणस्तरको प्रकाशन र विक्री गर्ने,

(ट) गुणस्तर सम्बन्धी क्षेत्रिय वा अन्तराष्ट्रिय सम्झौताहरुको सूचना केन्द्रको रुपमा काम गर्ने,

(ठ) तोकिए बमोजिम अन्य कार्य गर्ने।

(३) नेपाल सरकारले गुणस्तर प्रामाणिकरण तथा परीक्षण कार्यको लागि आवश्यकता अनुसार प्रदेशमा शाखा कार्यालय स्थापना गर्न सक्नेछ।

७. <u>गुणस्तर प्रमाणीकरण सम्बन्धी व्यवस्थाः</u>

(१) कुनै उत्पादक, निर्माता, वितरक वा सेवा प्रदान गर्ने व्यक्ति वा संस्थाले कुनै वस्तु, सेवा, प्रकृया वा प्रणालीको सम्वन्धमा गुणस्तर प्रमाणचिन्ह प्रयोगको लागि इजाजतपत्र वा गुणस्तर प्रमाणपत्र प्राप्त गर्न चाहेमा तोकिएको ढाँचामा विभागमा निवेदन दिनु पर्नेछ ।

(२) कुनै वस्तु, सेवा, प्रकृया वा प्रणालीको समरुपता मूल्यांकनको लागि विभागले विभिन्न विषयको क्षेत्रगत रुपमा प्रमाणीकरण योजना ( Certification Scheme) बनाई लागु गर्न सक्नेछ ।

(३) उपदफा (१) बमोजिम प्राप्त निवेदनमा उपदफा (२) वमोजिम प्रमाणीकरण गरी गुणस्तर प्रमाण-चिन्ह प्रयोगको लागि इजाजतपत्र वा गुणस्तर प्रमाणपत्र प्रदान गर्नेछ ।

(४) इजाजतपत्र वा प्रमाणपत्रको अवधि र नवीकरण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

८. <u>स्वीकृति लिइ प्रचार प्रसार गर्न सकिने</u> : (१) कसैले पनि कुनै वस्तु, सेवा, प्रकृया वा प्रणालीको गुण सम्वन्धी भ्रम सृजना हुनेगरी कुनै माध्यमवाट प्रचार प्रसार गर्न गराउनु हुँदैन।

(२) कसैले कुनै वस्तु, सेवा, प्रक्रिया वा प्रणाली नेपाल गुणस्तर अनुरुप छ भनी कुनै माध्मबाट प्रचार प्रसार गर्न विभागको स्वीकृति लिनु पर्नेछ ।

(३) उपदफा (२) वमोजिम स्वीकृती लिन चाहने व्यक्ती वा संस्थाले विभागमा निवेदन दिनुपर्नेछ।

(४) उपदफा (३) वमोजिम निवेदन पर्न आएमा विभागले आवश्यक जाँचवुझ गरी प्रचार प्रसार गर्न पाउने गरी स्वीकृत दिन सक्नेछ ।

९. **कुनै निश्चित परिमाणको बस्तुको गुणस्तर प्रमाणित गर्नेः-** (१) कसैले कुनै निश्चित परिमाणको बस्तु नेपाल गुणस्तर अनुरुप खेप प्रमाणित गराउन चाहेमा त्यसको लागि बिभागमा निबेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको निबेदन पर्न आएमा बिभागले आबश्यक जाचबुझ गरी त्यस्तो निश्चित परिमाणको बस्तु नेपाल गुणस्तर छ छैन खेप प्रमाणित गरिदिन सक्नेछ ।

१०. **प्रमाण-चिन्हको अनुचित प्रयोगमा प्रतिवन्ध** : (१) इजाजतपत्र प्राप्त नगरी कसैले पनि कुनै वस्तुमा प्रमाण-चिन्हको प्रयोग गर्न हुदैन । कसैले पनि प्रमाण-चिन्हको आकार प्रकारमा भ्रम हुन सक्ने गरी कुनै चिन्ह प्रयोग गर्न वा गराउन हुँदैन ।

(२) इजाजतपत्र प्राप्त गरेको व्यक्ति वा संस्थाले निर्धारित गुणस्तर अनुकूल नरहेको वस्तुमा प्रमाण-चिन्ह्को प्रयोग गर्न वा प्रमाण-चिन्ह्को आकार प्रकारमा भ्रम हुन सक्ने गरी अन्य कुनै चिन्ह् प्रयोग गर्न वा गराउन हुँदैन ।

११. **परिषद् वा विभागसँग मिल्दोजुल्दो नामको प्रयोगमा प्रतिबन्धः** कसैले पनि परिषद् वा विभागको पूरै वा संक्षिप्त नामको भ्रम हुन सक्ने नामको प्रयोग गर्न पाउने छैन ।

१२. **जनसाधारणको स्वास्थ्य र सुरक्षा सम्बन्धी मापदण्ड तोक्न सकिनेः** प्रचलित औषधि ऐन र प्रचलित खाद्य ऐन बमोजिम स्तर निर्धारण हुने औषधी र खाद्य बस्तु बाहेक अन्य कुनै वस्तु, सेवा वा प्रक्रियाको सम्बन्धमा नेपाल सरकारले जनसाधारणको स्वास्थ्य र सुरक्षाको लागि नेपाल राजपत्रमा सूचना प्रकाशित गरी सोही सूचनामा तोकिएको मिति देखि लागु हुने गरी त्यस्तो वस्तु, सेवा वा प्रक्रियाको उत्पादक वा निर्माता वा वितरक वा सेवा प्रदान गर्ने व्यक्ति वा संस्थाले परिषद् वाट निर्धारण गरिएको नेपाल गुणस्तरको आंशिक वा सम्पूर्ण रुपले अनिवार्य अपनाउनु पर्ने गरी मापदण्ड तोक्न सक्नेछ।

१३. **पैठारी हुने वस्तुको मापदण्ड तोक्न सक्ने** : (१) प्रचलित औषधि ऐन र प्रचलित खाद्य ऐन बमोजिम स्तर निर्धारण हुने औषधी र खाद्य बस्तु बाहेक नेपाल भित्र पैठारी हुने अन्य कुनै वस्तु,को सम्बन्धमा नेपाल सरकारले जनसाधारणको स्वास्थ्य र सुरक्षाको लागि नेपाल राजपत्रमा सूचना प्रकाशित गरी सोही सूचनामा तोकिएको मिति देखि लागु हुने गरी त्यस्तो वस्तुको परिषद् वाट निर्धारण गरिएको नेपाल गुणस्तरको आशिंक वा सम्पूर्ण रुपले हुनु पर्ने गरी मापदण्ड तोक्न सक्नेछ।

१४. **निकासी हुने वस्तुको मापदण्ड तोक्न सक्नेः** नेपालबाट निकासी हुने कुनै वस्तु, सेवा, प्रक्रिया वा प्रणालीको सम्बन्धमा अन्तर्राष्ट्रिय व्यापार प्रवर्द्धनको लागि नेपाल सरकारले आवश्यक देखेमा त्यस्तो वस्तुको परिषद् वाट निर्धारण गरिएको नेपाल गुणस्तरको आशिंक वा सम्पूर्ण रुपले हुनु पर्ने गरी नेपाल राजपत्रमा सूचना प्रकाशित गरी मापदण्ड तोक्न सक्नेछ।

१५. **इजाजतपत्र वा गुणस्तरको प्रमाणपत्र लिनु पर्नेः** दफा १२ वमोजिम मापदण्ड तोकिएको वस्तुको उत्पादक वा निर्माता, वितरक वा सेवा प्रदान गर्ने व्यक्ति वा संस्थाले वा दफा १३ वमोजिम मापदण्ड तोकिएको वस्तुको नेपाल भित्र पैठारी गर्ने व्यक्ति वा संस्थाको समन्वयमा उत्पादक वा निर्माता, वितरक वा सेवा प्रदायकले यस ऐन बमोजिम इजाजतपत्र वा गुणस्तरको प्रमाणपत्र लिनु पर्नेछ ।

१६. **जनस्वास्थ्य र जन सुरक्षा सम्बन्धी फरक मापदण्ड तोक्न प्रतिबन्धः** दफा १२ को उपदफा (१) र दफा १३ को उपदफा (१) बमोजिम नेपाल राजपत्रमा सूचना प्रकाशित गरी मापदण्ड तोकिएको अबस्थामा जनसाधारणको स्वास्थ्य र सुरक्षाको लागि प्रदेश सरकारबाट फरक हुने गरी मापदण्ड तोक्न वा कार्यन्वयन गर्न पाइने छैन ।

१७. **क्षतिपूर्ति दिनु पर्नेः** (१) इजाजतपत्र वा प्रमाणपत्र प्राप्त गरेको कुनै वस्तु, सेवा, प्रक्रिया वा प्रणालीको सेवा लिने तथा प्रयोग गर्ने उपभोक्तालाई त्यस्तो वस्तु, सेवा, प्रक्रिया वा प्रणालीको गुणस्तर न्यून भएको कारणले कुनै क्षति वा हानी नोक्सानी भएमा त्यस्तो वस्तु, सेवा, प्रक्रिया वा प्रणालीको उत्पादक वा निर्माता, वितरक वा सेवा प्रदायकले त्यस्तो क्षतिको आधारमा उपभोक्तालाई क्षतिपूर्ति प्रदान गर्नु पर्नेछ ।

(२) क्षति वा हानी नोक्सानीको निर्धारण र क्षतिपूर्ति प्रदान सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१८. **निरीक्षण तथा परीक्षण गर्न वा गराउन सक्ने** :(१) कुनै वस्तु, सेवा, प्रकृया वा प्रणालीको परिषदबाट निर्धारित नेपाल गुणस्तर अनुसार भए नभएको एकिन गर्न विभागले निरीक्षण तथा परीक्षण गर्न वा गराउन सक्नेछ।

१९. **प्रयोगशाला वा अनुसन्धानशाला स्थापना गर्न सक्ने** :(१) यस ऐनको उद्देश्य पुरा गर्न विभागले आवश्यकता अनुसार प्रयोगशाला वा अनुसन्धानशालाको स्थापना तथा सञ्चालन गर्नसक्नेछ।

(२) उपदफा (१) बमोजिम स्थापित प्रयोगशाला वा अनुसन्धानशालाले वस्तु, सेवा, प्रक्रिया वा प्रणालीको अनुसन्धान, परीक्षण वा विश्लेषण गर्दा अपनाउने कार्यविधि तोकिए बमोजिम हुनेछ ।

२०. **निरिक्षकको काम, कर्तव्य र अधिकारः** यस ऐनमा अन्यत्र लेखिएदेखि बाहेक निरीक्षकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) प्रमाण-चिन्ह प्रयोग भएको कुनै वस्तुको सम्बन्धमा इजाजतपत्र प्राप्त गरेको वा नगरेको र उक्त इजाजतपत्रको शर्त अनुकूल काम गरे वा नगरेको जाँचबुझ गर्ने,

(ख) गुणस्तर प्रमाणपत्र प्राप्त भएको सेवा वा प्रक्रियाको सम्वन्धमा उक्त प्रमाणपत्रको शर्त अनुकूल काम गरे वा नगरेको जाँचबुझ गर्ने,

(ग) प्रमाण-चिन्ह प्रयोगको लागि इजाजत वा गुणस्तर प्रमाणपत्र प्राप्त वस्तु, सेवा वा प्रक्रियाको उत्पादन वा उत्पादनको चरण, कुनै प्रक्रिया वा सेवाको स्थलगत निरीक्षण गर्ने,

(घ) कुनै वस्तुको कोरा वा तयारी माल जुनसुकै अवस्थामा निरीक्षण वा परीक्षणको लागि नमूना लिने र

(ङ) तोकिए बमोजिमको अन्य कार्य गर्ने ।

२१. **परीक्षकको काम, कर्तव्य र अधिकार:**: (१) दफा ६ को उपदफा (२) को (घ) बमोजिम नियुक्त भएको वा तोकिएको परीक्षकको काम, कर्तव्य र अधिकार तथा अवलम्बन गर्नुपर्ने कार्यविधि तोकिए बमोजिम हुनेछ।

(२) परीक्षकले प्रणाली परिक्षणको लागि अवलम्बन गर्नुपर्ने कार्यविधि तोकिए बमोजिम हुनेछ।

२२. **प्रमाण-चिन्ह प्रयोग गर्न रोक लगाउन सक्ने:** (१) प्रमाण-चिन्ह प्रयोगको लागि इजाजत प्राप्त कुनै वस्तुको निरीक्षकबाट संकलित नमूना विभागले स्थापना गरेको वा विभागले मान्यता प्रदान गरेको कुनै प्रयोगशाला वा अनुसन्धानशालामा परीक्षण गर्दा गुणस्तर न्यून वा घटाईएको पुष्टी भएमा

विभागले त्यस्तो वस्तुमा तत्काल प्रमाण-चिन्ह प्रयोग गर्न त्यस्तो प्रमाण-चिन्ह अंकित वस्तुको बिक्री वितरण गर्न रोक लगाउन सक्नेछ ।

(२) कसैले यस ऐन, यस ऐन अन्तर्गत बनेको नियम वा निर्देशिका विपरीत काम गरेको देखिएमा विभागले त्यस्तो कार्य तत्काल रोक्न सम्बन्धित व्यक्ति वा संस्थालाई आदेश दिन सक्नेछ।

(३) उपदफा (३) बमोजिम आदेश पालना नगर्ने व्यक्ति वा संस्थाले इजाजतपत्र वा प्रमाणपत्र प्राप्त गरेको भए विभागले सो इजाजतपत्र वा प्रमाणपत्र तत्काल निलम्बन गर्न सक्नेछ।

२३. **फिर्ता लिनु पर्ने** : यस ऐन बमोजिम निरीक्षण, परीक्षण वा अनुगमन गर्दा गुणस्तर अनुरुप नभएको वस्तु वा सेवा बिक्री वितरण वा प्रयोग भएको पाइएमा त्यस्तो वस्तु, सेवा, निर्माता, उत्पादक, निर्यातकर्ता वा सेवा प्रदायकले त्यस्तो वस्तु, सेवा, मुल्य उपभोक्तालाई तत्काल फिर्ता दिई सो सामान समेत फिर्ता लिनु पर्नेछ ।

२४. **कसूर र सजाय** : (१) कसैले देहायको कुनै कार्य गरेमा यस ऐन बमोजिमको कसूर गरेको मानिनेछः-

(क) दफा १५ विपरीत इजाजतपत्र वा गुणस्तरको प्रमाणपत्र नलिएमा वा इजाजतपत्र नलिई प्रमाण-चिन्हको प्रयोग गरेमा,

(ख) दफा १४ विपरीत निकासी हुने वस्तुको मापदण्ड अवलम्वन नगरेमा,

(ग) दफा १२ विपरीत जनसाधारणको स्वास्थ्य र सुरक्षाको लागि तोकिएको वस्तु, सेवा, वा प्रक्रियाको मापदण्ड अवलम्बन नगरेमा,

(घ) दफा १० विपरीत प्रमाण-चिन्हको भ्रम हुन सक्ने गरी कुनै चिन्ह प्रयोग गरेमा,

(ङ) दफा ८ विपरीत स्वीकृति नलिई प्रचार प्रसार गरेमा,

(च) दफा १७ बमोजिम उपभोक्तालाई क्षतिपूर्ति नदिएमा,

(छ) दफा २२ विपरीत बिक्री वितरण गर्न रोक लगाइएको वस्तु बिक्री वितरण गरेमा,

(ज) दफा २३ विपरीत गुणस्तर अनुरुप नभएको वस्तु वा सेवा बिक्री वितरण वा प्रयोग भएको पाइएमा त्यस्तो वस्तु वा सेवा वापतको मुल्य उपभोक्तालाई तत्काल फिर्ता नदिएमा,

(झ) दफा ११ विपरीत परिषद् वा विभागको पूरै वा संक्षिप्त नामको भ्रम हुन सक्ने नामको प्रयोग गरेमा,

(ञ) खण्ड (क) देखि (झ) मा उल्लिखित कार्य बाहेक यस ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरीतका अन्य कुनै कार्य गरेमा ।

(२) उपदफा (१) बमोजिमको कसूर गर्नेलाई देहाय बमोजिमको सजाय हुनेछः-

(क) खण्ड (क) बमोजिमको कसूर गर्नेलाई पाँच लाख रुपैयाँसम्म जरीवाना वा छ महिना सम्म कैद वा दुवै सजाय,

(ख) खण्ड (ख) वा (ग) बमोजिमको कसूर गर्नेलाई दशलाख रुपैयाँ सम्म जरिवाना वा एक वर्ष सम्म कैद वा दुवै सजाय,

(ग) खण्ड (घ) वा (ङ) बमोजिमको कसूर गर्नेलाई दुई लाख रुपैयाँसम्म जरिवाना वा छ महिना सम्म कैद वा दुवै सजाय,

(घ) खण्ड (च), (छ) वा (ज) बमोजिमको कसूर गर्नेलाई एक लाख रुपैयाँ सम्म जरिवाना वा तिन महिनासम्म कैद वा दुवै सजाय,

(ङ) खण्ड (झ) बमोजिमको कसूर गर्नेलाई पचासहजार रुपैयाँसम्म जरिवाना,

(च) खण्ड (ञ) बमोजिमको कसूर गरेमा पचास हजार रुपैयाँसम्म जरिवाना ।

२५. **जफत हुने** : यस ऐन विपरीत प्रमाण-चिन्ह वा प्रमाणपत्र प्रयोग गरिएका वा यस ऐन विपरीत हुने गरी निकासी वा पैठारी गरिएका वस्तु विभागले जफत गर्न सक्नेछ ।

२६. **नेपाल सरकारवादी हुने** : यस ऐन अन्तर्गतको मुद्दा नेपाल सरकार वादी हुनेछ ।

२७. **मुद्दाको तहकिकात र दायरी**: (१) यस ऐन वमोजिम सजाय हुने कसुर सम्वन्धी मुद्दाको तहकिकात निरिक्षकले गर्नेछ ।

(२) उपनियम (१) वमोजिम मुद्दाको तहकिकात गर्दा निरिक्षकले देहायका अधिकार प्रयोग गर्न सक्नेछः

(क) कसुरमा संलग्न व्यक्तिलाई पक्राउ गर्ने,

(ख) सर्जमीन मुचुल्का तयार गर्ने र

(ग) अभियूक्तलाई वयान गराई मनासिव आधार भएमा तारेखमा राख्ने, धरौटी वा जमानत लिई छाड्ने वा मुद्दा हेर्ने अधिकारीको स्वीकृती लिई वढीमा पन्ध्र दिनसम्म थुनामा राख्ने ।

(३) निरिक्षकले उपदफा (२) बमोजिमको अधिकार प्रयोग गर्दा प्रचलित कानून वमोजिमको कार्यविधि अपनाउनु पर्नेछ ।

(४) गुण निरिक्षकले उपदफा (२) वमोजिमको काम कारवाही गर्दा स्थानिय प्रशासन र प्रहरीको सहयोग माग गर्न सक्नेछ ।

(५) उपदफा (४) वमोजिमको सहयोग माग भएमा आवश्यक सहयोग गर्नु स्थानिय प्रशासन र प्रहरीको कर्तव्य हुनेछ ।

(६) यस दफा वमोजिम तहकिकातको काम पुरा भएपछि गुण निरिक्षकले सरकारी वकिलको राय लिई जिल्ला अदालत समक्ष मुद्दा दायर गर्नेछ ।

२८. **पुनरावेदनः** (१) जिल्ला अदालतले गरेको निर्णय उपर चित्त नबुझ्ने पक्षले निर्णय भएको मितिले पैंतिस दिन भित्र उच्च अदालत समक्ष पुनरावेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम मुद्दाको पुनरावेदन सम्बन्धि कारवाही उच्च अदालतमा वाणिज्य इजलास कायम रहेको रहेछ भने त्यस्तो इजलासबाट हुनेछ ।

२९. **प्रचलित कानून बमोजिम मुद्दा चलाउन सकिनेः** यस ऐन बमोजिम कसुर ठहरिने कुनै कार्य अन्य प्रचलित कानून बमोजिम समेत कसूर मानिने रहेछ भने त्यस्तो कसूरमा समेत कानून बमोजिम मुद्दा चलाउन यस ऐनले बाधापुर पुयाएको मानिने छैन।

३०. **नियम बनाउने अधिकार** : यस ऐनको उद्देश्य कार्यान्वयन गर्न नेपाल सरकारले आवश्यक नियमहरु बनाउन सक्नेछ ।

३१. **निर्देशिका बनाई लागू गर्न सक्नेः** यस ऐन तथा यस ऐन अन्तर्गत बनेको नियम विपरित नहुने गरी मन्त्रालयले आवश्यकता अनुसार निर्देशिका बनाई लागू गर्न सक्नेछ ।

३२. **खारेजी र बचाउ** :(१) नेपाल गुणस्तर (प्रमाण-चिन्ह) ऐन, २०३७ खारेज गरिएको छ ।

(२) नेपाल गुणस्तर (प्रमाण-चिन्ह) ऐन, २०३७ बमोजिम भए गरेका काम कारबाही यसै ऐन बमोजिम भए गरेको मानिनेछ ।